फोन नं. ०४९-४१००२४

नेपाल सरकार

गृह मन्त्रालय

# ईलाका प्रशासन कार्यालय

सिंगटी, दोलखा

प.सं.: २०८१/०८२
च.नं. : ३६

मिति: २०८२/०३/०३
ने.सं: ११४५ तछलागा ६

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
सिंगटी, दोलखा

विषय : जानकारी गराईएको बारे ।

श्री स्थानिय तहहरु
विगु गाउँपालिका,
कालिञ्चोक गाउँपालिका,
गौरीशंकर गाउँपालिका ।
दोलखा ।

प्रस्तुत विषयको सम्बन्धमा यस ईलाका प्रशासन कार्यालय सिंगटीबाट सम्पादन हुदैं आएको नागरिकता वितरण कार्य तथा सेवाग्राहीहरुको सहजताका लागि तहाँ सम्वन्धित कार्यालयहरुले निम्नानुसारको कागजात संलग्न गरि कार्यालयको सिफारिस साथ कागजातहरु सम्बन्धित सेवाग्राहीको साथमा पठाईदिनुहुन यसै पत्रानुसार अनुरोध छ ।

भरत कुमार दाश
शाखा अधिकृत

भरत कुमार दाश
शाखा अधिकृत

**बोधार्थ:**

सम्वन्धित वडा कार्यालयहरुलाई अनिवार्य जानकारी गराईदिनुहोला।

# नागरिकता प्रमाणपत्र प्राप्त गर्नको लागि आवश्यक कागजपत्रहरु

| क्र.सं | सेवाको विवरण | आवश्यक कागजात/ प्रमाणहरु | लाग्ने समय | लाग्ने शुल्क |
|---|---|---|---|---|
| १. | वंशजको आधारमा<br><br>नयाँ नागरिकता | • नागरिकता बनाउने मितिको दिनसम्म १६ वर्ष उमेर पुरा भएको हुनुपर्ने<br>• सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भएको नियमावलीको अनुसुची १ बमोजिमको फोटो समेत प्रमाणित गरेको फाराम<br>• आमा र बाबुको नागरिकताको प्रमाणपत्र<br>• बाबु आमाको बिवाह दर्ताको प्रमाणपत्र<br>• जन्म दर्ता र शैक्षिक योग्यताको प्रमाण पत्र<br>• सनाखतका लागि आफ्नो बाबु आमा बाहेक तीन पुस्ताभित्रका व्यक्ति उपस्थित भएको खण्डमा निजको नागरिकता र नाता खुल्ने कागजात<br>• बुबा वा आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्र<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभुमी भएको २.५ x ३ cm साइजको फोटो २ प्रति<br>• विवाहित महिलाको हकमा पतिको नागरिकता, विवाह दर्ताको प्रमाणपत्र साथै माईती तर्फको बंश खुल्ने अभिभावकको नागरिकता समेत। साथै सनाखतको लागि पति/ सासु/ससुरा/जेठाजु/देवरमध्ये कुनै एकजना नागरिकताको प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने।<br>• वसाईसराई भई आएको व्यक्तिको हकमा बसाईसराईको दर्ता प्रमाणपत्र। | प्रमाण/ कागजात पुगेकोमा सोहि दिन | रु १०को हुलाक टिकट |
| | आमाको नामवाट वशजको नागरिकता प्राप्त गर्न | • नियमावलिको अनुसुचि १ बमोजिमको विवरण भरि सम्बन्धित वडा कार्यालयवाट फोटो समेत प्रमाणित गरेको फाराम<br>• आमाको नेपाली नागरिकताको प्रमाणपत्र<br>• जन्मदर्ता र शैक्षिक योग्यताको प्रमाणपत्र<br>• जन्म स्थान र आमासँगको नाता साथै नेपालमा जन्म भइ नेपालमा नै बसोवास गर्दै आएको र निजको बुवाको पहिचान हुन नसकेको व्यहोरा सनाखत गरि सम्बन्धित स्थानिय तहले गराइदिएको सिफारिस र सर्जमिन मुचुल्का।<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभुमी भएको २.५ x ३ cm साइजको फोटो २ प्रति<br>• आमाको सनाखत<br>• नियमावलीको अनुसुचिको ४(क) र ४(ख) बमोजिमको स्वघोषणा।<br>• आमाको मृत्यु भइसकेको भए मृत्युदर्ताको प्रमाणपत्र र होस ठेगाना नरहेकोमा सम्बन्धित चिकित्सकको सिफारिस। | प्रमाण/ कागजात पुगेकोमा सोहि दिन | रु १० को हुलाक टिकट |
| २. | नागरिकता प्रतिलिपि | • <u>नागरिकता हराएको, च्यातिएको वा नष्ट भएको अवस्थामा</u><br>• नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको | प्रमाण/ कागजात पुगेकोमा सोहि दिन | रु १३ को हुलाक टिकट |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय ... 

CamScanner

प्रतिलिपि पाँउ भन्ने ढाँचाको निवेदन र सम्बन्धित वडाको सिफारिस।

- दुबै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभुमी भएको २.५ x ३ cm साइजको फोटो २ प्रति
- पहिले जारी भएको नागरिकता च्यातिएको वा फाटेको भएमा सोहि अवस्थाको नागरिकताको सक्कल प्रति र हराएको वा नष्ट भएको हकमा उक्त नागरिकताको प्रमाणपत्रको छाँयाप्रति वा नागरिकता नम्बर खुल्ने अन्य प्रमाणपत्र

- <u>पतिको नामथर र ठेगाना कायम गर्ने</u>
- नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाँउ भन्ने ढाँचाको निवेदन र सम्बन्धित वडाको सिफारिस।
- पतिको नामथर र ठेगाना समेत कायम गरिदिने व्यहोरा सहितको सम्बन्धित वडा कार्यालयको सिफारिस र सम्बन्धित व्यक्तिको निवेदन
- दुबै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभुमी भएको २.५ x ३ cm साइजको फोटो २ प्रति
- निवेदकको नागरिकताको प्रमाणपत्र
- निवेदकको पतिको नागरिकताको प्रमाणपत्र
- विवाह दर्ताको प्रमाणपत्र
- सनाखतको लागि पति/ सासु/ ससुरा/ जेठाजु/ देवरमध्ये कुनै एकजना नागरिकताको प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने।
- पतिको बसाईसराई भई आएको हकमा बसाईसराईको दर्ता प्रमापत्र
- <u>पतिको नामथर हटाउने वा माईतिको थर र ठेगाना कायम गर्ने</u>
- नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाँउ भन्ने ढाँचाको निवेदन र सम्बन्धित वडाको सिफारिस।
- पतिको नामथर हटाई माईतीको थर र ठेगाना कायम गरिपाँउ भन्ने सम्बन्धित वडाको सिफारिस र सम्बन्धित व्यक्तिको निवेदन ।
- दुबै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभुमी भएको २.५ x ३ cm साइजको फोटो २ प्रति
- सम्वन्ध विच्छेद गरेको अदालतको फैसला र सम्बन्ध विच्छेद गरेको घटना दर्ता प्रमाण पत्र
- सक्कल नागरिकता सहित माइती पट्टिको आमा/ बाबु/ दाजु/ भाई वा सो नभए तीन पुस्ता भित्रका नातेदारको सनाखत
- पतिको नामथर र ठेगाना हटाई माईतिको थर र ठेगाना कायम गरि नागरिकताको प्रतिलिपि जारी गरिदिनु भन्ने सम्बन्धित वडाको सिफारिस

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | • <u>पुन विवाह गरेको अवस्थामा हालको पतिको नामथर र ठेगाना कायम गर्ने</u><br>• नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउ भन्ने ढाँचाको निवेदन र सम्बन्धित वडाको सिफारिस।<br>• हालको पतिको नाम थर र ठेगाना कायम गरिपाउ भन्ने सम्बन्धित वडाको निवेदन।<br>• दुबै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभुमी भएको २.५ x ३ cm साइजको फोटो २ प्रति<br>• पतिको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्र वा सम्वन्ध विच्छेद भएको अवस्थामा अदालतको फैसला र सम्बन्ध विच्छेद घटना दर्ता प्रमाण पत्र<br>• निवेदक र निवेदकको हाल कायम गर्नुपर्ने पतिको नागरिकता प्रमाण पत्र<br>• हालको विवाह दर्ताको प्रमाण पत्र<br>• सनाखतको लागि पति/ सासु/ ससुरा/ जेठाजु/ देवरमध्ये कुनै एकजना नागरिकताको प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने। | | |
| ३ | मधेशी, जनजाती, दलित, खस आदि प्रमाणित | • रु १० को हुलाक टिकट सहित निर्धारित ढाँचाको निवेदन<br>• सम्वन्धित स्थानिय तहको सिफारिस पत्र<br>• निवेदकको नागरिकताको प्रमाणपत्रको सक्कल प्रमाणपत्र र छाँयाप्रति | प्रमाण/ कागजात पुगेकोमा सोहि दिन | रु १० को हुलाक टिकट |

## महत्वपूर्ण जानकारी:

- सेवाग्राहीले निवेदन र फारम वाहेक आवश्यक कागजातका छाँयाप्रति पेश गर्नुपर्ने छ र Verify गर्ने प्रयोजनका लागि ती कागजातका सक्कल लिइ आउनुपर्ने छ।
- नागरिकता वनाउने कार्यका लागि थप कुनै व्यहोरा विवरण वुझ्नुपर्ने भएमा स्थानीय तह वा प्रहरी सर्जमिन लगायत वुझ्न सकिने छ।
- आवश्यकता अनुसार अन्य जिल्लाको नागरिकताको अभिलेख यसै कार्यालयको CMIS प्रणालीमा हेरिने वा इमेल वा फ्याक्स मार्फत झिकाइनेछ।

थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर: ०४९-४१००२४, मोबाइल नम्बर: ९८५४०४५३८७

धन्यवाद।

CS CamScanner